# विचार

सबै आ–आफ्ना समस्याबाट
ग्रस्त रहेका हुन्छन्।
- वेदव्यास

मानिसको खानाअनुसार
नै विचार बन्दछ।
- सत्य साइबाबा

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# माथेमा प्रतिवेदन नलत्याऊ

केपी ओली नेतृत्वको वर्तमान सरकारले समृद्ध नेपाल र सुखी नेपालीको नारा अघि सारे पनि त्यस विपरीतका क्रियाकलापहरू देखिन थालका छन्। नागरिकको चासो र भावनाप्रति संवेदनशीलभन्दा पनि सरकारले आफ्नो हठ र दम्भपूर्ण प्रवृत्तिको एकपछि अर्को क्रियाकलापलाई पुनरावृत्ति गर्दै आएको छ। विभिन्न ठाउँमा जुलस–प्रदर्शन गर्न नपाउने नियम लागू गर्दै लोकतान्त्रिक राज्यव्यवस्थामा शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने हक–अधिकारविरुद्ध प्रस्तुत भएको सरकारले अहिले आएर माथेमा आयोगको प्रतिवेदनको मर्मलाई समेत लत्याएको छ। यसले शिक्षा, स्वास्थ्यमा माफियाको जालोलाई अझ विस्तार गर्ने निश्चित छ।

चिकित्सा शिक्षा सुधारका लागि उपत्यकामा कम्तीमा १० वर्षसम्म नयाँ मेडिकल कलेज खोल्न नहुने, गुणस्तरका लागि एउटा विश्वविद्यालयले पाँचभन्दा बढी मेडिकल कलेजलाई सम्बन्धन दिन नहुनेलगायत व्यवस्था ऐनमा समेट्नुपर्ने माग गर्दै डा. केसी १४ पटकसम्म अनशन बसिसकेका छन्। यसै क्रममा चिकित्सा शिक्षा अध्यादेश पारित गरिनुपर्ने माग गर्दै डा. केसी शनिबारदेखि जुम्लामा अनशन बसेका छन्। डा. केसीले विधेयक तत्काल संसद्मा पेस गरेर स्नातकोत्तर तहपछिको सेवा अवधिबाहेक अन्य बुँदाहरूमा कुनै परिवर्तन नगरी यथारूपमा पारित गरिनुपर्ने र चिकित्सा शिक्षा आयोगलाई कार्यकारी उपाध्यक्षसहित अविलम्ब पूर्णता दिनुपर्ने अडान राखेका छन्। तर सरकारले केसीको मागविपरीत उपत्यकामा नयाँ मेडिकल कलेज खोल्न दिने गरी ऐन ल्याउन विधेयक दर्ता गरेको छ।

चिकित्सा शिक्षा अध्यादेशमा डा. केसीका माग समेट्दै मेडिकल सम्बन्धनमा कडाइ गर्ने व्यवस्था थियो तर सरकारले कडा व्यवस्था हटाएर प्रतिस्थापन विधेयक संसद् सचिवालयमा दर्ता गराएको छ। राजनीतिक दबाबमा सरकारले अध्यादेशमा भएका कडा प्रावधान हटाएको छ। सरकारले नेकपा निकटका नेताको लगानी रहेको उपत्यकाको मनमोहन मेडिकल कलेज र झापाको बीएन्डसी मेडिकल कलेजलाई सम्बन्धन दिनकै लागि अध्यादेशका अधिकांश महत्वपूर्ण प्रावधान परिवर्तन गरेको बुझिन्छ। प्रतिस्थापन विधेयकमा नयाँ सम्बन्धन दिनका लागि स्वास्थ्य मन्त्रालयबाट अस्पताल सञ्चालन स्वीकृति लिएको कम्तीमा तीन वर्ष हुनुपर्ने भन्ने प्रावधान राखिएको छैन। अध्यादेशमा यो प्रावधान थियो। यो व्यवस्था कायम रहँदा मनमोहन र बीएन्डसीले सम्बन्धन पाउँदैनन्।


शिक्षामन्त्री गिरिराजमणि पोखरेल उपत्यकाका काठमाडौं नेसनल र पिपल्स डेन्टललाई पनि सम्बन्धन दिने पक्षमा देखिन्छन्। उक्त विधेयक संसद्बाट पारित भएमा यी दुई कलेजले पनि सम्बन्धन पाउनेछन्। चिकित्सा शिक्षा अध्यादेशलाई संसद्ले वैशाख २६ गते स्वीकृत गरेको थियो। स्वीकृत भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक नल्याए अध्यादेश स्वतः निष्क्रृय हुन्छ। यस्तो अवस्थामा शुरुमा व्यक्त गरेको प्रतिबद्धताअनुरूप डा. गोविन्द केसीसँग सहमति भएको बुँदालाई यथावत् राखेर नै प्रतिस्थापन विधेयक ल्याउनुपर्ने आवश्यकता छ। किनभने डा. गोविन्द केसीको आन्दोलन र प्रा. केदारभक्त माथेमाको प्रतिवेदन नै बहुसख्ंयक जनताको कल्याण र हितमा रहेको छ। बहुसंख्यक जनताको कल्याणलाई बेवास्ता गर्नुले सरकारले सुखी नेपाली बनाउन नसक्ने मात्र होइन, स्वास्थ्य पनि माफियाको जालोमा पर्ने निश्चित छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# दुनु सोझ्याएर श्रेष्ठ बन्ने कसरत



दामोदर पौडेल

एमाले र माओवादीको एकीकरण भएलगत्तै नेपालमा पहिलोपटक एक दलमा दुई अध्यक्षको व्यवस्था भएको छ। यसले एक-अर्काप्रतिको अविश्वास र एक-अर्कोभन्दा कम हुन नचाहने प्रवृत्तिलाई नै देखाउँछ। सम्भवत: दलका कार्यकर्ताहरूलाई चित्त बुझाउन पनि त्यसो गरिएको हुन सक्छ। यद्यपि प्रधानमन्त्री केपी ओली र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल अब आएर महत्वाकांक्षा कम हुँदै गएका व्यक्तिजस्तो लाग्दछन्। शिखरको पदमा बाँचुन्जेल बस्ने वा अपदस्त हुने कम्युनिस्ट सत्ता भएका देशहरूको अपवादबाहेकको परिदृश्य हो। दुई अध्यक्षको व्यवस्थाले यो संकेत गर्दछ तर यसलाई कमसे कम महाधिवेशनले उचित सम्बोधन गर्नेछ। तल्लो निकायमा अझै मन मिलिसकेको छैन। त्यहाँ व्यवहारमा एमाले र माओवादी नै छन्। त्यसैले तल्लो निकायसम्म पनि पहिलाको दुई दलकै पूर्वकेन्द्रीय नेताहरूलाई कमसे कम स्थानीय तहसम्म जाने व्यवस्था गरेर नै पार्टी एकीकरणलाई वास्तविक धरातलमा मूर्तरूप दिन आवश्यक छ।

प्राविधिकरूपमा भने विजयपछि पदको लागि विवाद भएर दल फुट्ने गरेकोमा नेपालमा कम्युनिस्टहरू विजयपछि एक भएर उदाहरण पनि बनेका छन्। उनीहरूले देशको उन्नति र जनताको हितको लागि बाचा गरेअनुसार हुने हो भने देशमा अब केही सकारात्मक कार्य हुने आशा गर्न सकिन्छ। तर दोस्रो ठूलो नेपाली कांग्रेस दलका नेताहरूको मनस्थित भने फरक देखिएको छ। उनीहरू दलले जिते मेरो नेतृत्वमा चुनाव जितेको हुँदा मै नेता रहिरहनुपर्दछ भन्ने र हारेमा मेरो समयमा हार भएकोले दललाई राम्रो अवस्थामा नलगेसम्म म नै नेतृत्वमा बस्छु भन्ने मानसिकता लिएको देखिन्छ। जिन्दगीभरि सत्तामा रही नेतृत्व गर्ने मानसिकता लिने स्कुलिङबाट आएका कम्युनिस्टहरू विजयपछि पनि पद छोड्न पर्ने वास्तविकतालाई आत्मसात् गरिरहेका छन्। कांग्रेसले सैद्धान्तिकरूपमा पद त अस्थायी हो भन्ने मान्यता राख्ने भए पनि व्यवहारमा पद नै दलको हितभन्दा पनि ठूलो मानिएको देखिएको छ। कम्युनिस्टहरूबाट कांग्रेसले सिक्नुपर्ने पाठ यो पनि हुन सक्छ।

मार्क्सवाद र लेनितवादलाई मात्र मार्गनिर्देशक मान्ने नयाँ कम्युनिस्ट पार्टीको धारणाले अब स्टालिन, माओसमेतको विचारलाई परोक्षरूपमा त्यागेकै भन्ने देखिन्छ। स्टालिन र माओ अपेक्षाकृत तानाशाही रहेको इतिहासले देखाएकोमा उनीहरूको विचारलाई परोक्षरूपमा त्यागेको देखिनु सकारात्मक र लोकतान्त्रिक पक्ष हो। अर्कोतर्फ कांग्रेसमा एमाले र माओवादी एक भएपछि एकदलीयता आउने भविष्यवाणी गर्नेहरू पनि देखिएका छन्। उनीहरूले भुलेकै हुनुपर्दछ कि लोकतन्त्र भनेको सिद्धान्तभन्दा बढी डेलिभरी हो। सामान्य जनताले सिद्धान्तको कुरा बुझ्दैनन् र नेताहरूले गरेको कामको आधारमा नै प्राय: नेता चुन्छन्। लोकतन्त्रको माध्यमबाट सत्तासीन कम्युनिस्ट पार्टीले एकदलीय तानाशाही ल्याउन जनताले मत दिनुपर्दछ। जनतामा कांग्रेस भन्नेले राम्रो गर्न सकेन भन्ने नै सन्देश गएपछि एकदलीयता आउँछ भन्नु बहुदलीयताको संरक्षण गर्ने नाममा हामीलाई बेइमानी गर्न छुट देऊ भनेजस्तै हुन जान्छ। अर्थात् राम्रो गरौं र जनताबाट स्थापित होऊँ भन्ने मानसिकता लिएर कम्युनिस्टको विरोध गरेकै भरमा स्थापित होऊँ भन्ने मान्यता कांग्रेसले छोड्न सक्नुपर्दछ। अन्यथा कांग्रेसले अझै कठिनाई भोग्न पर्न सक्दछ। कांग्रेसको सरकार हुँदा सांसद खरिदबिक्रीदेखि राजालाई लोकतन्त्र बुझाउने कार्य हनु लोकतान्त्रिक होइन। यस्तो कुराको पृष्ठपोषण गर्ने कार्यले प्रोत्साहन पाउनु भनेको कांग्रेसको लागि शुभसंकेत पनि होइन।

यद्यपि ओलीले भनेका छन् कि कांग्रेस लोकतान्त्रिक विपक्षको रूपमा आवश्यक छ र लोकतन्त्रमा विपक्षी चाहिन्छ। शायद कांग्रेसलाई जीवित राख्ने कार्य पनि ओली-प्रचण्ड नै मिलेर गर्नुपर्ने भयो भने यस अवस्थाको कांग्रेसको चाल हेरेर अन्यथा मान्नुपर्दैन।

एमाले र माओवादीको एकताको घोषणामा बहुलवादप्रतिको आस्था, राजनीतिक प्रतिस्पर्धाप्रतिको अविचलित भावनाले उनीहरू लोकतन्त्रको विपक्षमा जाने अवस्था देखिँदैन। यद्यपि प्रतिपक्ष अत्यन्त भ्रष्ट भएमा र जनताबाट टाढिएमा देशमा एक प्रकारको बहुदलीय व्यवस्थाअन्तर्गत नै एकदलीय अभ्यास हुन सक्छ। मानवीय स्वभाव नै पद र प्रतिष्ठाप्रति लालायित हुने हुँदा मार्क्स सर्वहाराको अधिनायकवादको पक्षमा रहेको र यसैलाई समेत उनले उन्नत लोकतन्त्र आदि भनेकै हुन् तथा लेनिनले देशमा एउटा मात्र दल रहनुपर्ने वा हुनेसमेत भनेकै हुन्। त्यसैले अरु सकारात्मक विषय छोडेर एकदलीयतामा जाने सोचको विकास पनि हुन सक्छ। जनताले पनि अयोग्य प्रतिपक्षीलाई बोझ मान्न सक्छन्।

तर कम्युनिस्ट पार्टीहरूले बुझ्नै पर्दछ कि ब्राजिलका प्रख्यात कम्युनिस्ट समर्थक वा कम्युनिस्ट भनिने इमानदार नेता लुला डिसिल्भा राष्ट्रपति बनेपछि भ्रष्टाचारमा मुछिए। क्युबाका क्यास्टो पनि विलासी कार्यको लागि चर्चामा आउँथे। तर उनीहरूमध्ये लोकतन्त्र मानेकोले लुला सत्ताबाट बाहिर रहनुपर्‍यो तथा भ्रष्टाचारको आरोप खेप्नुपर्‍यो भने क्यास्टोसमेत धेरै नेताहरू ती देशमा बहुदलीयता नभएकोले सधैं सत्तामा नै रहे। मानवीय कमजोरीलाई ध्यान दिएर बहुदलीयता र बहुलवादलाई आफ्नो आदर्श निरन्तर मान्न नेपाली कम्युनिस्टहरूले आवश्यक छ।

वास्तवमा नै राम्रो कामलाई नराम्रो गर्नेहरूले विरोध गर्दैमा जनताले नराम्रो गर्नेलाई पत्याउँदैनन् र एकदलीयताको बाटोमा जाँदा गल्तीको प्रतिकार गर्न दलबाहिर र भित्र नै कठिन हुन्छ भन्ने तथ्यलाई सबैले आत्मसात् गर्न जरुरी छ। ओलीको बहुलवादप्रतिको आस्था र दाहालले एकदलीयतामा हुने मनोटनसको अवस्था ठीक होइन भन्ने धेरै वर्ष पहिला दिएको अभिव्यक्तिले निरन्तरता पाउन पनि आवश्यक छ।

कार्लमार्क्सले भनेको भन्दै उद्धृत गरिएको थियो कि हामी त्यस्ता कम्युनिस्टभन्दा भिन्न छौं, जो वैयक्तिक स्वतन्त्रता हरण गर्न चाहन्छन्, जो विश्वलाई विशाल गोदाम या अनुशासनको ब्यारेकमा परिणत गर्न चाहन्छन्। यहाँ त्यस्ता पनि कम्युनिस्टहरू छन्, जो वैयक्तिक स्वतन्त्रतामाथि बन्देज लगाउन चाहन्छन्। उनीहरूको विचारमा वैयक्तिक स्वतन्त्रता सामाजिक समानताको विरोधी हुन्छ। तर हामी कुन कुरामा प्रस्ट छौं भने, वैयक्तिक स्वतन्त्रताको अभावमा सामुदायिक सद्भाव बढाउन सकिँदैन। एउटा यस्तो प्रजातात्रिक राज्य स्थापना हुनुपर्दछ, जहाँ सबै राजनीतिक दलहरू नीति र विचारका आधारमा आफूलाई श्रेष्ठ साबित गर्न सकून् र आफ्नो पक्षमा बहुमत पुर्‍याउन सकून्। मार्क्सको यो भनाइले पूर्ण लोकतन्त्रलाई आत्मसात् गर्दछ। तर कम्युनिस्ट पार्टीको घोषणापत्रमा त्यस्तो देखिँदैन। त्यसैले लोकतन्त्र वा वास्तविक लोकतन्त्र जसलाई उन्नात लोकतन्त्र, गरिबको लोकतन्त्र आदि नाम दिएर संकुचित गर्न प्रयास नगरी विश्वव्यापी मान्यतामा आधारित लोकतन्त्रको पक्षमा रहने प्रतिबद्धताले लोकतन्त्र मान्दैनन् कि भन्ने अविश्वास हट्नेछ र अन्ततोगत्वा यसले त्यही दलका नेता, कार्यकता, देश र समाजलाई पनि फाइदा हुनेछ। अन्यथा मार्क्स वा लेनिन वा माओ आदिका विचार भनेर परस्पर विरोधी भनाइहरूमा प्रशस्त खेल्न र जनतालाई भ्रममा राख्न सकिनेछ। जनताको ब्रेनवास गरेर उनीहरूबाटै सबैभन्दा राम्रो व्यवस्थाको नाम यही हो भनेर भनाउन सकिन्छ। यद्यपि त्यसमा कुनै सत्यता नहोस्।

शायद त्यसैले एक विद्वान्ले भनेका छन् कि मलाई साठी लाख सेना दिइयोस्, विश्वभरका जनतालाई माइनस सय डिग्री तापक्रममा चिया पाक्छ भन्ने बनाउन सक्छु। तर उनीहरूलाई चिया उमाल्न भने तातो नै चाहिनेछ र उनीहरूले आगो नै प्रयोग गर्नेछन्। यो मूल मन्त्रलाई सबैले ध्यान दिन आवश्यक छ।

इतिहास साक्षी छ कि ठूलो जनसमर्थन पाएका प्रचण्ड प्रधानमन्त्री हुँदा प्रधानसेनापति, पुजारी आदिमा ध्यान दिएर सत्ता कब्जा गर्न चाहे। प्रचण्डले जनमुक्ति सेनालाई देशको सेनामा प्रवेश गराएपछि सेनालाई कब्जा गरेर देशमा आफ्नो शासन लगाउन सकिन्छ भन्ने सोचेका थिए। त्यस समयमा राजस्वलाई विकास र सबै जनताको हितमा प्रयोग गरेर जनताको मन जित्नुपर्दछ भन्ने सोच राखेको भए शायद उनको त्यस समयको दल पछिको चुनावमा देशको अझ ठूलो दल बन्न सक्ने थियो।

> प्रचण्डले जनमुक्ति सेनालाई देशको सेनामा प्रवेश गराएपछि सेनालाई कब्जा गरेर देशमा आफ्नो शासन लगाउन सकिन्छ भन्ने सोचेका थिए। त्यस समयमा राजस्वलाई विकास र सबै जनताको हितमा प्रयोग गरेर जनताको मन जित्नुपर्दछ भन्ने सोच राखेको भए शायद उनको त्यस समयको दल पछिको चुनावमा देशको अझ ठूलो दल बन्न सक्ने थियो।

इतिहासबाट सिकेर विकास, विकेन्द्रित सुविधा, जनताका आधारभूत आवश्यकताको परिपूर्ति, प्रशासनिक खर्चमा कमी, भ्रष्टाचारको अन्त्य गर्दै लोकतन्त्रको माध्यमबाट श्रेष्ठ दल बन्ने कार्य भएमा अर्को श्रेष्ठ दल बन्न कम्युनिस्ट पार्टीभन्दा इमानदार बन्न पर्नेछ र त्यो राम्रो कुरा हुनेछ। अर्कोपटक पुन: श्रेष्ठ बन्ने कसरत भई नै रहनेछ। त्यसैले त अमेरिका, जापान आदि देशमा राम्रो विकास भएको छ। उनीहरूले एउटा दलले राम्रो गरे अर्कोले अझ राम्रो गर्ने मान्यता लिन्छन् भन्ने सोच राखेको कारणले नै मूलरूपमा कोही विकासको आइकोन नदेखिए पनि ती देशहरूमा विकास भएको छ। अर्थात् कुनै आइकोनले होइन, जनताले नै देशको विकास गरेको अनुभूति गराउने परिपाटीमा भएको विकास नै वास्तविक र स्थिर विकास हुन्छ। यो तथ्यलाई समेत नेपाल कम्युनिस्ट पार्टी र कांग्रेससमेतका दलहरूले सोचून्। जनतालाई भावनामा बगाएर मत लिन सकिन्छ तर देशको विकासको लागि सबै साथ हिँड्नुपर्दछ।

## पाठक पत्र

### लागूऔषध अहिलेको चुनौती

नेपालका विभिन्न जिल्लामा लागूपदार्थ तथा अवैध तस्करीविरूद्धका अभियान सञ्चालन गरी 'अन्तर्राष्ट्रिय लागूपदार्थ तथा अवैध तस्करीविरूद्धको दिवस' मनाइएको छ। यो दिवस मनाइरहँदा लागूपदार्थ तथा अवैध तस्करी नियन्त्रणमा चुनौती बढ्दै गएको पाइएको छ। देशका प्रमुख शहरहरू लागूपदार्थ ओसारपसार तथा बिक्री वितरणको 'ट्रान्जिट प्वाइन्ट' बन्दै गएका छन्। भारतीय सीमा क्षेत्रबाट भित्रिएका लागूऔषध चितवन हुँदै राजधानी काठमाडौं, पोखराजस्ता शहरमा बिक्री वितरण हुने गरेको पाइएको छ। देशैभरि कानुनले वर्जित गरेका लागूपदार्थको कारोबार गर्ने सञ्जाल सक्रिय रहँदै आए पनि प्रहरीले यस्ता कारोबारीको जालो भत्काउन भने सकेको पाइएको छैन।

उसो त, प्रहरीले केही समययता देशका स्थानबाट प्रतिबन्धित लागूऔषधसहित कारोबारीहरूलाई पक्राउ गरेर लागूपदार्थ नियन्त्रणमा सक्रियता देखाउँदै आएको छ। लागूपदार्थ नियन्त्रणका लागि प्रहरी प्रशासनले अभियान थालेको धेरै समय भइसकेको छ। यस्तो धन्दामा संलग्न भएकाहरूको सञ्जालसम्म पुग्न नसके पनि प्रहरीले विभिन्न जिल्लाबाट लागूऔषध कारोबारीहरूलाई पक्राउ गरेको थियो।

प्रहरील लागूपदार्थ नियन्त्रणका लागि गाँजाखेती नष्ट गर्ने, लागूऔषध कारोबारमा संलग्नलाई मुद्दा चलाई कारागार चलान गर्नेजस्ता कार्यमा सक्रियता देखाउँदै आएको छ। तथापि, लागूऔषध प्रयोगकर्ता भने दिनहुँजसो बढिरहेका छन्। लागूऔषध प्रयोगकर्ताहरूमा अधिकांश प्लस टुका विद्यार्थी देखिनुले झनै चिन्ता बढाएको छ। लागूऔषधमा फसेका कतिपय युवालाई पुनर्स्थापना केन्द्रमा पठाइने गरेको छ। लागूऔषधमा फस्ने युवाहरू अभिभावकको निगरानीभन्दा बाहिर रहेको पाइएको छ।

लागूऔषध प्रयोगका कारण समाजमा नकारात्मक असर परिरहेको छ। युवाहरू दिनहुँजसो यस्ता दुर्व्यसनको सिकार बनिरहेका छन्। पहिले साथीभाइको देखासिकीमा परेर लागूऔषध सेवन गर्नेहरू पछि लतका रूपमा फस्ने गरेको पाइएको छ। अहिले अधिकांश विद्यालय प्रशासन तथा अभिभावकहरूमा आफ्ना छोराछोरीको शैक्षिक गुणस्तरभन्दा बढी चिन्ता कुलतमा फस्छन् कि भन्ने त्रास बढिरहेको छ। लागूऔषधको कुलतका कारण धेरै अभिभावकहरू पीडित हुनुपरेका दृष्टान्त थुप्रै छन्। विडम्बनाको कुरा त के छ भने, लागूऔषधको कारोबारमा समाजका रक्षक मानिने सेना तथा प्रहरी नै संलग्न भएका घटना पनि सार्वजनिक हुँदै आएका छन्, जसका कारण यसको कारोबार नियन्त्रणमा चुनौती देखिएको छ।

लागूपदार्थ दुर्व्यसनी र अवैध तस्करी बढ्नु भनेको समाज असुरक्षित र अधोगतितिर उन्मुख हुनु हो। यसले राज्यका हरेक क्षेत्रमा समस्या सिर्जना गर्छ। लागूपदार्थ दुर्व्यसनीका कारण एउटा परिवारको सुन्दर भविष्य नै चौपट हुन्छ। एउटा परिवार असुरक्षित हुनु समाज नै जोखिममा पर्नु हो। यसले कालान्तरमा राज्यकै लागि समस्या सिर्जना गर्छ। नेपालमा डाइजेपाम, नाइट्रोजेपाम, बुफिनर्फिन, फेनारगन, फेन्सिडिल, हिरोइन, चरेस, गाँजाजस्ता लागूपदार्थको सेवन तथा कारोबार गर्नु गैरकानुनी मानिन्छ। यस्ता लागूपदार्थको बढ्दो कारोबारका कारण धेरै युवाले आफ्नो अमूल्य जीवन बर्बाद गरेका छन्। करोडौं रुपियाँबराबरको धनको क्षति भइरहेको छ। सयौं परिवार विस्थापित जीवन बाँच्न बाध्य भएका छन्। दर्जनौं अभिभावकको स्वर्णिम सपना तुहिएको छ।

लागूऔषधको कारोबार तथा कुलतमा फसेकालाई निरुत्साहित गर्न परिवारदेखि प्रहरीसम्मले पहिले कारोबारीहरूको सञ्जाल खोजी गर्नुपर्छ। विभिन्न पेसा र आवरणमा लागूपदार्थको कारोबारी गर्ने व्यक्तिहरूको सूक्ष्म अनुसन्धान गरी नियन्त्रण गर्नुपर्छ। लागूपदार्थ तथा अवैध तस्करीविरुद्ध प्रहरीको अभियानमा नागरिक समाज, अभिभावक र शैक्षिक संघसंस्थाको भूमिका झनै महत्वपूर्ण रहन्छ। लागूऔषध नियन्त्रण भए मात्र स्वच्छ र अपराधमुक्त समाज निर्माण हुन सक्ने भएकाले यस अभियानमा सबै सरोकारवालाको उत्तिकै सहयोग र ऐक्यबद्धता रहनु जरुरी देखिएको छ।

*- दीपक तिवारी, नुवाकोट*

## सामाजिक सञ्जाल



नारीको सहनशीलतालाई उनको कमजोरी नसोच्नुहोस्। पौराणिक कथादेखि अहिलेको सत्य कथासम्म, सत्य युगदेखि कल्की युगसम्म कैयौं उदाहरण प्रस्तुत छन्।

गोपाल लम्साल
**@GopalGopalgita1**